# पूर्वाञ्चल विश्वविद्यालयको तेह्रौं दीक्षान्त समारोहमा सम्माननीय प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीज्यूको मन्तव्य

२०८१ फागुन २७

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं पूर्वाञ्चल विश्वविद्यालयका सहकुलपतिज्यू,**

**दीक्षान्त समारोहका प्रमुख अतिथि एवं शताब्दी डाक्टरका नामले सुपरिचित मूर्धन्य व्यक्तित्व डा. गौरीशंकर लाल दासज्यू,**

**विश्वविद्यालयका उपकुलपतिज्यू, रजिष्ट्रारज्यू एवं विद्वान् सभासद्ज्यूहरू,**

**सञ्चारकर्मी मित्रहरू, आमन्त्रित महानुभावहरू, अभिभावकज्यूहरू तथा आज दीक्षित हुनुभएका सम्पूर्ण विद्यार्थीहरू लगायत उपस्थित महिला तथा सज्जनवृन्द !**

आज पूर्वाञ्चल विश्वविद्यालयको तेह्रौं दीक्षान्त समारोहमा कुलपतिका हैसियतले सहभागी हुन पाउँदा खुशी लागेको छ।

यस पूर्वाञ्चल विश्वविद्यालयको विभिन्न सङ्कायहरू कला, कानून, शिक्षाशास्त्र, व्यवस्थापन, चिकित्साशास्त्र, विज्ञान तथा प्रविधि र इन्जिनियरिङ अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रमहरूमा तोकिएको मापदण्ड पूरा गरी एम.फिल., स्नातकोत्तर र स्नातक तह सफलतापूर्वक उतिर्ण गरेर आज दीक्षित हुनुभएका तपाईं सम्पूर्ण दीक्षार्थीहरूलाई उज्ज्वल भविष्यको कामनासहित सफल व्यावसायिक जीवनका लागि शुभकामना व्यक्त गर्दछु।

हरेक राष्ट्रको विकास र समृद्धिका लागि दक्ष जनशक्ति अपरिहार्य हुन्छ। पूर्वाञ्चल विश्वविद्यालयले आफ्नो स्थापनाको करिब तीन दशकको अवधिमा नेपालको विकास र समृद्धिका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनमा उल्लेख्य योगदान पुर्‍याउन सफल भएकोमा म हार्दिक बधाई दिन चाहन्छु। साथै, तेह्रौं दीक्षान्त समारोहको अवसरमा यस विश्वविद्यालय स्थापना र प्राज्ञिक उन्नयनका लागि योगदान पुर्‍याउनुहुने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा समेत गुणस्तरीय र उच्च शिक्षाका साथै विश्वविद्यालयको संस्थागत सुशासन र सुधारका लागि समर्पित हुन सबैलाई उत्प्रेरणा र उत्साह प्राप्त भइरहोस् भन्ने कामना गर्दछु।

सर्वप्रथम आज दीक्षित हुनुभएका तपाईंहरू सबैलाई हार्दिक बधाई ! आजको दिन केवल तपाईंहरूको मात्र गौरव एवं खुशीको दिन नभई तपाईंहरूका अभिभावक, गुरूजन र समस्त नेपालीको लागि गौरव र खुशीको दिन हो। तपाईंहरूले निरन्तर

रूपमा गर्नुभएको कठिन मिहिनेत, लगनशीलता र दृढ अठोटका कारण यो महत्त्वपूर्ण उपलब्धि हासिल गर्नुभएको छ। यो उपलब्धि एउटा नवीन यात्राको आरम्भ हो। आफूले प्राप्त गरेको शिक्षा, सीप र नवीनतम् सोचका आधारमा नेपाललाई समृद्धिको शिखरमा पुऱ्याउने अभियानको नेतृत्व गर्ने महत्त्वपूर्ण जिम्मेवारी अब तपाईंहरूको काँधमा आएको छ।

**सम्पूर्ण दीक्षार्थी भाइबहिनीहरू !**

नेपाल केवल एउटा भूगोलमात्र होइन, यो हाम्रो पहिचान, गौरव र अस्तित्व हो। यो मुलुकलाई स्वाधीन बनाउन हाम्रा पुर्खाहरूले कठिन सङ्घर्ष गरे। हामी तिनै वीरहरूका सन्तान हौं, जसले कहिल्यै पराधीनता स्वीकार गरेनन्। नयाँ पुस्ताले इतिहासको यो गौरवगाथाको जगमा उभिएर समृद्ध नेपालको मार्गचित्र कोर्नुपर्ने बेला आएको छ। इतिहासमा हाम्रो वीरताको शान, मान र नेपाली पहिचान स्वर्ण अक्षरमा अङ्कित छ। यो यथार्थलाई आत्मसात् गर्दै हामी सबैले हातमा हात र काँधमा काँध मिलाएर नेपालको समुन्नति र नेपालीहरूको सुन्दर भविष्यका लागि खास केही गरेर देखाउनु पर्ने समय आएको छ।

वास्तवमा हामी परिवर्तनको सङ्घारमा छौं। यतिबेला वैज्ञानिक आविष्कार र अत्याधुनिक सूचना प्रविधिले संसारलाई एउटा साँघुरो घेराभित्र कैद गरिरहेको छ। यस सन्दर्भमा हामीले आफूलाई समयसापेक्ष बनाउन सकेनौं भने अरूको पछि दौडिरहनुपर्ने बाध्यता हुन जान्छ। यस कारण हामी कि त समय सापेक्ष प्राविधिक ज्ञान र सीपमा अपडेटेड हुनुपर्छ नत्र आउटडेटेड हुनुको विकल्प छैन। त्यसैले सधैं नयाँ सोच्नुहोस् ताकि हरेक चुनौतीहरूसँग मुकाबिला गर्ने आत्मबल प्राप्त भइरहोस्।

अबको नेपाल पुरातन सोच र मानसिकतामा अड्किएर बस्ने नेपाल पक्कै होइन। हामीले समुन्नत समाज र आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि नवीनतम् सोच र उद्यमशीलताको विकास गर्नुपर्छ। अब हाम्रा युवा विद्यार्थीहरूलाई रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने उद्यमीको भूमिकामा उभ्याउन अभिप्रेरित गर्नुपर्छ। आफूले प्राप्त गरेको ज्ञान, सीप र विवेकको सही उपयोग भयो भने हामी सबै मिलेर नेपाललाई सबल, सक्षम र समृद्धशील राष्ट्र बनाउन सक्छौं। 'समृद्ध नेपाल, सुखी नेपाली' केवल नारामा सीमित रहने कुरा होइन, यो त हाम्रो राष्ट्रिय सङ्कल्प हो। अब हामीले

नेपाललाई हरेक नागरिकले आफ्नो श्रम, सीप, बुद्धि र विवेकको भरपूर उपयोग गर्ने अवसरको भूमि बनाउनै पर्छ।

**सम्पूर्ण दीक्षार्थी भाइबहिनीहरू !**

तपाईंहरूले प्राप्त गर्नुभएको शिक्षा केवल रोजगारीका लागि मात्र होइन, समाजको सेवा गर्नका लागि पनि हो। अबको युग सिर्जनशीलताको युग हो, समस्या समाधान गर्ने सोच राख्नेहरूको युग हो। पक्कै पनि तपाईंहरूले उच्च शिक्षा अध्ययनका क्रममा किताबी ज्ञान मात्र होइन व्यावहारिक ज्ञानको पनि उत्तिकै महत्व छ भन्ने यथार्थ अनुभूत गर्नुभएकै हुनुपर्छ। तसर्थ तपाईंहरू सबैले आत्मनिर्भर बनेर आफ्ना लागि आफैं अवसर सिर्जना गर्ने सोच राख्नुपर्छ। तपाईंहरूले आफैं रोजगारी सिर्जना गर्नुभयो भने पक्कै पनि देश समुन्नतिको मार्गमा लम्किन्छ। तपाईंले सिकेको सीप र नवीन ज्ञान स्वेदशै राष्ट्र निर्माणमा उपयोग हुन सकोस मेरो शुभकामना छ।

यस सन्दर्भमा नेपाल सरकारले उच्च शिक्षालाई गुणस्तरीय, व्यावहारिक र अनुसन्धानमुखी बनाउने दिशामा महत्वपूर्ण कदम चालिरहेको जानकारी गराउन चाहन्छु। विश्वविद्यालयहरू नवीनतम् प्रविधि, अनुसन्धान, र नवीन कार्ययोजनाका केन्द्र बन्नुपर्छ भन्ने सरकारको नीति रहेको छ। किनभने विश्वविद्यालय ज्ञानको केन्द्र हो, सिर्जनशील सोचको स्रोत र राष्ट्रको भविष्य निर्माण गर्ने कारखाना हो। तपाईंहरू त्यही कारखानाबाट उत्पादित राष्ट्रको उज्ज्वल भविष्य निर्माणको महत्वपूर्ण आधारस्तम्भका रूपमा खडा हुनुभएको छ।

पूर्वाञ्चल विश्वविद्यालय ज्ञान, अनुसन्धान र नवीन सोचको अभूतपूर्व सम्भावनाको केन्द्र हो। स्वदेशमै रोजगारमूलक गुणस्तरीय र व्यावहारिक उच्च शिक्षा प्राप्त गर्ने चाहना राख्ने विद्यार्थीहरूको आशाको प्रतीक हो। नेपाल सरकारको चाहना यहाँ अध्ययनरत विद्यार्थीहरूलाई नवीनतम् प्रविधि, उद्यमशीलता र अनुसन्धानमा केन्द्रित बनाएर आफ्नो भविष्य आफैं बनाउने वातावरण तयार होस् भन्ने नै हो।

त्यसको लागि आइपर्ने जस्तोसुकै चुनौतीहरूको सामना गर्दै अगाडि बढ्नु जरूरी छ। नेपालको उच्च शिक्षालाई थप व्यावहारिक, सीपमूलक र रोजगारमूलक बनाउन विश्वविद्यालयहरूको संरचनागत सुधार आवश्यक छ। विश्वविद्यालयहरूले अनुसन्धानको दायरा फराकिलो बनाउँदै उद्योग र शिक्षालाई जोड्ने पुल निर्माण गर्नुपर्ने आवश्यकता छ। पूर्वाञ्चल विश्वविद्यालय केवल एउटा शैक्षिक संस्थान मात्र होइन

कि उद्यमशीलता, नवीनतम् खोज, अनुसन्धान र राष्ट्रिय विकासमा योगदान दिने संस्थान बन्नुपर्छ भन्ने मेरो मान्यता रहेको छ। अतः हामी सबै मिलेर पूर्वाञ्चल विश्वविद्यालयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट ज्ञान केन्द्र बनाउन प्रयत्नशील हुने बेला आएको छ। त्यसका लागि सरकारको तर्फबाट आवश्यक नीतिगत सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै सबैको सक्रिय भूमिकाको अपेक्षा गर्दछु।

**दीक्षार्थी भाइबहिनीहरू !**

अब तपाईंहरू आ-आफ्नो कार्यक्षेत्रमा महत्वपूर्ण भूमिका र जिम्मेवारी निर्वाह गर्नसक्ने अवस्थामा पुग्नुभएको छ। आफूले प्राप्त गरेको ज्ञान, सीप र अनुभवले नेपाललाई विश्वमञ्चको उचाइमा पुऱ्याउनुहोस्। जुनसुकै क्षेत्रमा काम गरे पनि समाज र राष्ट्रप्रति उत्तरदायी बन्नुहोस्। आत्मनिर्भर अर्थतन्त्र, नवीन सोच र सीपमूलक शिक्षाले मात्र हामीले 'समृद्ध नेपाल, सुखी नेपाली'को सपना साकार पार्न सक्छौं भन्ने यथार्थलाई तपाईंहरूले अन्तरमनदेखि नै आत्मसात् गर्नैपर्ने हुन्छ र गर्नुहोस पनि।

मानवीय जीवन कुनै स्थिर वा ठोस वस्तु पक्कै होइन। यो त क्रियाशील भएर निरन्तर बगिरहने नदीजस्तै हो। अगाडि बढ्न सकिएन भने निश्चय नै पछि परिन्छ। त्यसैले निरन्तर सिक्दै, नयाँ कुराहरूलाई आत्मसात् गर्दै, आफूलाई सशक्त बनाउँदै अघि बढ्न सकियो भने मात्र जीवनको निर्दिष्ट लक्ष्य, गति, यति र लय भेटिन्छ। यदि निरन्तर मिहिनेत, इमान्दारी र आत्मनिर्भरताका साथ अघि बढ्न सक्नुभयो भने सफलता जहिल्यै तपाईंहरूको हातमा हुनेछ। यो युग प्रतिस्पर्धाको हो, जस्तोसुकै चुनौती आए पनि सतीसाल झैं अडिग रहेर त्यसको सामना गर्नेहरूको युग हो। किनभने अब हार मानेर थला पर्नेहरूको समय अहिलेको समय होइन। यो समयमा सकारात्मक सोच र उच्च आत्मबल भएका, विवेकशील, निर्णय क्षमतायुक्त, नवीन सोचअनुसार निरन्तर रूपमा आफू र समाज परिर्वतन गर्न सक्ने युवा विद्यार्थी नेतृत्व खोजिरहेको छ।

म फेरि पनि दोहोऱ्याउन चाहान्छु, आजको दिन तपाईंहरूको मात्र नभई देशकै लागि गौरवको दिन हो। यो विशेष अवसरमा तपाईंहरू सबैलाई फेरि पनि उज्ज्वल भविष्यको शुभकामना ! तपाईंहरूको प्रयास फलदायी बनोस्। तपाईंहरूले देखेका हरेक सपना पूरा होउन्। नेपाललाई समृद्ध राष्ट्रका रूपमा उभ्याउन तपाईंहरूबाट सक्दो योगदान प्राप्त होस्। त्यति मात्र होइन, नेपाललाई आत्मनिर्भर, अत्याधुनिक र प्रविधिमैत्री राष्ट्र बनाउने सन्दर्भमा समेत तपाईंहरूको भूमिका निर्णायक बन्न सकोस्।

हाम्रो स्पष्ट लक्ष्य अब नेपाल आत्मनिर्भर र प्रविधिमा सक्षम राष्ट्र बनाउनु हो। हाम्रो यात्रा सङ्घर्षको होइन, निर्माणको हो। अब हामी सबै मिलेर नेपाललाई श्रम बेच्ने होइन सीप, खोज, अनुसन्धान र आविष्कार बेच्ने देश बनाउन प्रयत्नशील हुनुपर्छ। नवीनतम् खोज, आविष्कार र उद्यमशीलताको नेपाल बनाउने सङ्कल्पका साथ अघि बढ्नुपर्छ। किनभने समृद्ध नेपालको निर्माण तपाईंहरूको हातमा छ।

अब विश्वविद्यालयहरूले राष्ट्रिय आवश्यकता र बदलिँदो विश्व परिवेश अनुसार नेपाल मात्र होइन समग्र मानव जातिकै लागि अत्याधुनिक र वैकल्पिक स्रोत साधनको खोज, अनुसन्धानमा समेत विशेष ध्यान केन्द्रित गर्नु जरूरी देखिन्छ। नेपालको राजनीतिक परिवर्तन, लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारका साथै लोककल्याणकारी राज्यको मर्म र भावना अनुसार केन्द्र, प्रदेश र स्थानीय सरकारसँगको समन्वय, सहकार्य र सम्बन्ध विस्तारमा सहयोग पु¥याउनसक्ने दक्ष जनशक्तिको उत्पादनमा समेत विश्वविद्यालयहरूले भूमिका खेल्नुपर्छ। वि.सं. २०७०/७१ मा यस विश्वविद्यालयका विभिन्न सङ्कायमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या करिब २०,४७७ रहेकोमा वि.सं. २०७९/ ८० मा आइपुग्दा यो सङ्ख्या ४७,८१० पुगेको छ। यसका साथै वि.सं. २०७९/८० मा दिक्षार्थीको सङ्ख्या २०,९५४ पुगेको देखिन्छ। यस विश्वविद्यालयमा विद्यार्थी भर्नाको सङ्ख्या एक दशकको अवधिमा करिब दोब्बर भन्दा वढिले वृद्धि हुनुलाई सकारात्मक रूपमा लिन सकिन्छ। यस बर्ष दीक्षित हुने विद्यार्थीको सङ्ख्या ८,१५० रहेको छ। यसरी नेपालको मानव पुँजी निर्माणमा यस विश्वविद्यालयले महत्वपूर्ण भूमिका खेलेको प्रष्ट देखिन्छ।

अनेकौं सम्भावनायुक्त कोशी प्रदेशमा स्थापित पूर्वाञ्चल विश्वविद्यालय अध्ययन, अनुसन्धानका लागि देशकै नमूना केन्द्र बन्न सक्नेछ भन्ने नेपाल सरकारको अपेक्षा रहेको छ। यस सन्दर्भमा विश्वविद्यालयले अघि सारेको नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि नेपाल सरकारका तर्फबाट सहयोग प्राप्त हुने प्रतिबद्धता व्यक्त गर्दछु। साथै, पूर्वाञ्चल विश्वविद्यालय ऐनमा समयानुकुल परिमार्जन एवं संसोधनका लागि समेत नेपाल सरकारबाट आवश्यक सहयोग र सहजीकरण उपलब्ध गराउनेछ।

गोठगाउँस्थित पूर्वाञ्चल विश्वविद्यालय परिसरमा मेडिकल कलेज सञ्चालन गरी यसबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध होस् भन्ने यस क्षेत्रका नागरिकहरूको आकाङ्क्षा नेपाल सरकारको जानकारीमा रहेको छ। त्यसका लागि समन्वयात्मक रूपमा स्पष्ट कार्ययोजनाको तर्जुमा गर्न र आवश्यक स्रोत साधन जुटाएर मेडिकल

कलेज सञ्चालनका लागि प्रक्रिया अगाडि बढाउनुहोस्। एमबीबीएस लगायत शैक्षिक कार्यक्रमको पठनपाठन शुरूवात गर्न नेपाल सरकारका तर्फबाट यथोचित सहयोग प्राप्त हुने विश्वास दिलाउन चाहन्छु। मेडिकल कलेज सञ्चालन गरेर यस क्षेत्रको वासिन्दाहरूलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन नेपाल सरकारका तर्फबाट निरन्तर रूपमा पहल र प्रयत्न भइरहेको समेत स्मरण गराउँदछु।

पूर्वाञ्चल विश्वविद्यालयले खासगरी जलवायु परिवर्तन, जैविक विविधताको अनुसन्धान, प्राकृतिक स्रोतसाधन र परम्परागत ज्ञानसीपको संवर्धन गर्दै कृषिमा अत्याधुनिक प्रविधिको प्रयोग र यान्त्रिकीकरणमा समेत विशेष योगदान पुऱ्याउन सक्दछ। त्यसैगरी यस विश्वविद्यालयले विद्यार्थीहरूका लागि जीवनोपयोगी र आत्मनिर्भर बनाउन सक्ने शिक्षा प्रणालीको विकास गर्दै अलैंची, चिया, रुद्राक्ष, जडिबुटी, जुट, फलफूल लगायतका मौलिक एवं रैथाने बालीहरूका बारेमा नवीनतम् खोज, अनुसन्धानका साथै कृषि उत्पादनको अन्तर्राष्ट्रिय बजारमा पहुँच बिस्तारका लागि समेत महत्वपूर्ण योगदान दिन सक्दछ भन्ने मलाई विश्वास लागेको छ।

अन्त्यमा विभिन्न शैक्षिक कार्यक्रममा उत्कृष्टता हासिल गरेर विभिन्न पदक प्राप्त गर्न सफल १७ जना विद्यार्थीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु। आज दीक्षित हुनुभएका ८ हजार १ सय ५० जना विद्यार्थीहरूलाई आफूले प्राप्त गरेको ज्ञानले दैनिक व्यवहार र व्यावसायिक जीवनमा सकारात्मक परिवर्तनको अनुभूति गराउन सकोस् भन्ने कामना गर्दछु। साथै, समाज र राष्ट्रको समग्र विकासका लागि तपाईं प्रत्येक दीक्षार्थीहरूबाट एउटा इँटा थपिएर 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्य प्राप्तिमा समेत सहयोग पुगोस् भन्ने शुभकामना सहित विदा चाहन्छु। धन्यवाद !